# लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः** बरेङ गाउँपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभूति दिलाउनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद — ५ को दफा (२२) बमोजिम गठित लेखा समितिको काम, कर्तव्य, अधिकार तथा कार्य सञ्चालनलाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले,

बरेङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि बरेङ गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "गाउँपालिका" भन्नाले बरेङ गाउँपालिका सम्झनु पर्दछ ।

(२) "कार्यविधि" भन्नाले लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०७९ सम्झनु पर्दछ ।

(३) "कार्यालय" भन्नाले बरेङ गाउँपालिकाको कार्यालय, शाखा कार्यालय र वडा कार्यालयहरु समेतलाई सम्झनु पर्दछ ।

(४) "अध्यक्ष" भन्नाले बरेङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(५) "उपाध्यक्ष" भन्नाले बरेङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बरेङ गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(७) "कार्यपालिका" भन्नाले बरेङ गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(८) "गाउँसभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिम गठित बरेङ गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(९) "पदाधिकारी" भन्नाले बरेङ गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्दछ ।

(१०) "समिति" भन्नाले गाउँ सभाबाट गठित लेखा समितिलाई सम्झनु पर्दछ ।

(११) "संयोजक" भन्नाले बरेङ गाउँपालिकाको लेखा समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(१२)"सदस्य" भन्नाले बरेङ गाउँपालिकाको लेखा समितिको सदस्यलाई सम्झनु पर्दछ ।

(१३) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई सम्झनु पर्दछ ।

(१४) "योजना" भन्नाले गाउँसभा, कार्यपालिका तथा विभिन्न समितिको निर्णयानुसार कार्यान्वयन भएका आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ । यस शब्दले विभिन्न निकायद्वारा बजेट विनियोजन भई नगरपालिकाको प्रत्यक्ष रेखदेखमा सञ्चालन भएका योजना तथा कार्यक्रमहरु समेतलाई बुझाउने छ ।

(१५) "राजस्व" भन्नाले गाउँपालिकाले कानून बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महसुल र सो वापतको जरिवानालाई जनाउँछ ।

(१६) "वार्षिक बजेट" भन्नाले गाउँपालिकाको निसर्त, सशर्त, वित्तीय समानिकरण अनुदान र आन्तरिक आयलाई समेत सम्झनु पर्दछ ।

(१७) "वार्षिक बजेट तथा कार्यक्रम" भन्नाले कार्यक्रमका शीर्षकहरु तथा अनुमानित बजेट सहितको विवरणलाई सम्झनु पर्दछ ।

(१८) "बेरुजु" भन्नाले प्रचलित कानून बमोजिम पुर्याउनु पर्ने रीत नपुर्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनि लेखापरीक्षण गर्दा औंल्याईएको वा ठहर्याईएको कारोबार सम्झनु पर्दछ ।

(१९) "आर्थिक अनियमितता" भन्नाले आर्थिक नियमानुसार काम सम्पन्न नभएको अवस्थालाई जनाउँदछ ।

(२०) "आन्तरिक लेखापरीक्षण" भन्नाले बरेङ गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुने लेखापरीक्षण सम्झनु पर्दछ ।

(२१) "अन्तिम लेखापरीक्षण" भन्नाले महालेखा नियन्त्रकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनु पर्दछ।

३. **लेखा समितिको कार्य क्षेत्रः** बरेङ गाउँपालिका लेखा समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-

(१) बरेङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, मातहतका विषयगत शाखाहरु र वडा समिति तथा वडा कार्यालयहरुको आर्थिक क्रियाकलाप यसको कार्यक्षेत्र हुनेछ ।

(२) आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन ।

## परिच्छेद — २

## लेखा समिति सम्बन्धी व्यवस्था

४. **लेखा समिति गठनः**

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद — ५ को दफा २२ को अधिकार प्रयोग गरी गाउँपालिकाको शासन व्यवस्थालाई जनउत्तरदायी एवं पारदर्शी तुल्याई वित्तीय सुशासन कायम गराउने प्रमुख उद्देश्यका साथ गाउँ सभाबाट देहाय बमोजिमको लेखा समिति गठन गरिनेछ ।

(क) गाउँ सभा सदस्यका रुपमा रहेका कार्यपालिका सदस्यहरु मध्ये १ जना - संयोजक

(ख) गाउँ सभाको सदस्य मध्येबाट २ जना - सदस्य

(२) गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवको रुपमा काम गर्नेछन्। निजको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले सचिवको रुपमा कार्य गर्नेछ ।

(३) समितिको बैठकमा समितिका संयोजकले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र गाउँपालिकाका शाखा प्रमुखलाई आमन्त्रित गर्न सक्नेछ ।

(४) लेखा समिति गाउँसभा प्रति उत्तरदायी हुनेछ ।

(५) समितिको पदावधी गठन भएको मितिदेखि यो गाउँसभाको कार्यकाल रहेसम्म वा गाउँसभाले परिवर्तन गर्न आवश्यक नठानेसम्म रहनेछ ।

(६) आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन, खर्चको चौमासिक फाँटवारी वा लेखा समितिले मागेको कुनै पनि विवरण वा कागजात गाउँ कार्यपालिकाको कार्यालयले समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

५. **<u>लेखा समितिको बैठक सम्बन्धी व्यवस्था र सुविधाः</u>**

(१) समितिको बैठक संयोजकले आवश्यकता अनुसार बोलाउन सक्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ। निजको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको बैठकको निर्णय संयोजकबाट प्रमाणित हुनेछ ।

(४) लेखा समितिको बैठकमा भाग लिए वापत लेखा समितिका सदस्य र आमन्त्रित पदाधिकारीले कार्यपालिकाका सदस्यले पाए सहर बैठक भत्ता पाउनेछन् ।

## परिच्छेद — ३
## लेखा समितिको काम, कर्तव्य, र अधिकार

६. **<u>लेखा समितिको काम, कर्तव्य र अधिकारः</u>** बरेङ गाउँपालिकाको लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) गाउँ सभाबाट स्वीकृत वार्षिक बजेटले अनुमान गरे बमोजिम स्रोत परिचालन, रकम संकलन तथा लक्ष्य अनुसार चौमासिक प्रगती भए नभएको सम्बन्धमा सुझाव सहित लिखित प्रतिवेदन गाउँ सभामा पेश गर्ने ।

(२) कार्यपालिकाबाट गाउँपालिकाको राजस्व तथा स्रोत परिचालन सम्बन्धमा भए गरेको निर्णयको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्बन्धमा कुनै सुझाव दिनुपर्ने भएमा सो सुझाव प्रदान गर्ने।

(३) गाउँ कार्यपालिकाले तयार गरेको चौमासिक प्रतिवेदनको समिक्षा गर्ने, आवश्यक सुझाव तथा निर्देशन दिने र गाउँपालिकाको सार्वजनिक प्रशासनलाई नियमित, मितव्ययी, जवाफदेही, पारदर्शी र उत्तरदायी बनाउन सहयोग गर्ने ।

(४) गाउँपालिकाको कार्यालय, मातहतका विषयगत शाखाहरु र वडा कार्यालयहरुको आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथी छलफल गरी गाउँ कार्यपालिका मातहतका विषयगत शाखा र वडा कार्यालयहरुलाई सुझाव दिने ।

(५) गाउँपालिकाको कार्यालय, मातहतका विषयगत शाखाहरु र वडा कार्यालयहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन माथी छलफल गरी गाउँसभा समक्ष राय सुझाव पेश गर्ने ।

(६) गाउँ कार्यपालिका कार्यालयबाट भए गरेका आम्दानी र खर्चका विभिन्न विषय मध्ये समितिले आर्थिक अनियमितता भएको गुनासो आएको वा आवश्यक ठानेका वा गाउँ कार्यपालिकाबाट अनुरोध भएका विषयमा भए गरेका गतिविधिको नमुना लेखापरीक्षण गरी कार्यपालिकालाई सुझाव प्रदान गर्ने ।

(७) गाउँपालिका कोषको हिनामिना भएको तथा अनियमितता भएको भन्ने उजुरी समितिमा प्राप्त भएमा सो सम्बन्धी आवश्यक अनुसन्धानको सिलसिलामा गाउँपालिका कोषसँग सम्बन्धीत पदाधिकारी वा व्यक्तिसँग समितिले सोधपुछ गर्न सक्नेछ ।

(८) गाउँपालिकाको आन्तरिक लेखापरीक्षण र वार्षिक लेखापरीक्षणको प्रतिवेदनले औंल्याएका विषय तथा बेरुजुको विश्लेषण गरी फछ्र्यौट एवम् नियमित गर्नुपर्ने भए सो गर्न गराउन र सुझावहरु कार्यान्वयन गराउन गाउँसभामा पेश गर्ने ।

(९) गाउँपालिकाको सार्वजनिक सम्पत्तीको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी प्रचलित ऐन, नियम बमोजिम सम्बन्धीत निकायलाई आवश्यक राय सुझाव सहित सिफारिश गर्ने ।

(१०) गाउँ कार्यापालिकाको कार्यालय, विषयगत शाखा एवं वडा कार्यालय मार्फत भएका काम कारबाहीमा वित्तीय सुशासन कायम गर्न आवश्यक सुझाव प्रदान गर्ने ।

(११) उल्लेखित विषयमा विशेषज्ञ सेवा लिनुपर्ने भएमा आवश्यकता अनुसार विशेषज्ञको सेवा लिने ।

(१२) गाउँपालिकाको वार्षिक बजेट निर्माणमा आवश्यक राय सुझाव प्रदान गर्ने ।

(१३) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्ने क्रममा लेखा समितिले माग गरे बमोजिमको कागजात गाउँपालिकामा रहेका सबै शाखा र उपशाखाहरुले उपलब्ध गराउनु पर्नेछ । आमन्त्रण भएको अवस्थामा लेखा समितिमा उपस्थित भई आफ्नो राय सल्लाह, सुझाव लिखित र मौखिक रुपमा दिनु सबैको कर्तब्य हुनेछ ।

## परिच्छेद — ४
## पालना गर्नुपर्ने आचारण

७. **लेखा समितिका पदाधिकारीले पालना गर्नुपर्ने आचारणहरुः** लेखा समितिका संयोजक र सदस्यहरुले पालना

गर्नुपर्ने आचारणहरु देहाय बमोजिम रहनेछः-

(१) स्थानीय सरकार सञ्चालन ऐनका मान्य सिद्धान्त विपरित सार्वजनिक वक्तव्य दिन नहुने ।

(२) स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय तहको स्वायत्ततालाई अनादर गर्ने कुनै काम गर्न नहुने ।

(३) गाउँपालिका प्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्न नहुने ।

(४) गाउँपालिका र साझेदार संघ संस्था सँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, रचना, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्न वा गराउन नमिल्ने । तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित विषयमा अनुस्धानमूलक कुनै लेख, रचना प्रकाशित गर्न रोक लगाएको मानिने छैन ।

(५) गाउँपालिकाको साधन स्रोतको दुरुपयोग गर्न नहुने ।

(६) प्रचलित ऐन नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्ने ।

(७) राजनीतिक आस्था एवम् सामाजिक भेदभावले बढवा पाउने व्यवहार गर्न नहुने ।

(८) कसैको स्वाभिमान र अस्तित्त्वमा आँच आउने व्यवहार गर्न नहुने ।

(९) विद्यमान सामाजिक मान्यता विरुद्धका आचारण गर्न नहुने तथा लैङ्गिक समानतामा आँच आउने व्यवहार गर्न नहुने ।

(१०) समितिका सदस्यहरुले कुनै विषयमा अध्ययन तथा अनुसन्धानको सिलसिलामा जानकारी भएको विषयमा सार्वजनिक रुपमा सञ्चार माध्यमलाई जानकारी गराउने, वक्तव्य दिने वा कुनै किसिमबाट सार्वजनिक गर्न पाइने छैन ।

## परिच्छेद – ४
## विविध

८. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि बमोजिम हुने र यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा गाउँसभाको निर्णय बमोजिम हुनेछ ।

१०. **संशोधन तथा खारेजीः** यो कार्यविधिको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा गाउँसभाले निर्णय गरी आवश्यक संशोधन गर्न सक्नेछ ।